# २८ औं वार्षिक साधारण सभामा लेखा सुपरिवेक्षण समितिका तर्फबाट संयोजक श्री कमल प्रसाद भट्टराईले प्रस्तुत गर्नु भएको वार्षिक प्रतिवेदन - २०७९



कमल प्रसाद भट्टराई

सभाका सभाध्यक्ष महोदय,
प्रमुख अतिथिज्यू,
अतिथि वर्ग, सहकारीकर्मी मित्रहरु,
संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति
विभिन्न उप-समितिका साथीहरु एवं
आदरणीय सदस्य महानुभावहरु,

यस उपकार बचत तथा ऋण सहकारी संस्था लि. को लेखा सुपरिवेक्षण समितिको तर्फबाट यस सम्मानीत २८ औं बार्षिक साधारण सभामा लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन प्रस्तुत गर्न पाउँदा खुशी लागेको छ। कोरोना भाईरस महामारीका कारण दुई बर्ष यस प्रकारको साधारण सभा हुन पाएन। यस बीचमा सदस्यहरुलाई संस्थाको गतिविधिहरुबारे सुसूचित गर्न आधुनिक सञ्चारका विभिन्न माध्यमहरु वेवसाईट, फेसबुक लगायत प्रयोग गरी साधारण सभाहरु गरिएको व्यहोरा यहाँहरुमा अवगत नै छ। विषम परिस्थितिमा यहाँहरुले गर्नु भएको सहयोगको लागि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

साथै नजिकिदो महान पर्व विजया दशमी, मोहनी नखः, दिपावली, स्वन्ति नखः, नेपालको मौलिक सम्बत् नेपाल सम्बत् ११४३ नयाँ बर्ष तथा छठ पर्वको उपलक्ष्यमा संस्थाका समस्त सदस्यज्यूहरुमा प्रगति, सुख, समृद्धिको लागि अग्रीम रुपमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्न चाहन्छु।

लेखा सुपरिवेक्षण समितिलाई सहकारी ऐन २०७४ को दफा ४९ को उपदफा १ (च) ले "लेखा सम्बन्धी प्रतिवेदन र समितिको काम कारवाहीको सुपरिवेक्षण सम्बन्धी बार्षिक प्रतिवेदन साधारण सभा समक्ष पेश गर्ने" व्यवस्था गरेको र सहकारी मापदण्ड २०६८ को दफा ११ (४) को अनुसूची - २ ले लेखा समितिको प्रतिवेदन ढाँचा समेत उल्लेख गरी साधारण सभा समक्ष प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था गरेको छ। सोही व्यवस्था अनुसार यस संस्थाको लेखा सुपरिवेक्षण समितिले वार्षिक प्रतिवेदन आजको सम्मानीत २८ औं साधारण सभा समक्ष प्रस्तुत गर्न चाहन्छु।

**अध्यक्ष महोदय,**

अब म यस सम्मानीत २८ औं बार्षिक साधारण सभा समक्ष संस्थाको आ.ब. २०७८/०७९ को लेखा सुपरिवेक्षण समितिको तर्फबाट बार्षिक प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**१. अघिल्लो साधारण सभाको निर्णय कार्यान्वयनको अवस्था :**

कोरोना महामारीको त्रासदीपूर्ण वातावरणमा २७ औं वार्षिक साधारण सभा गत वर्ष मिति २०७८ असोज २३ गते, शनिवारका दिन सम्पन्न भएको थियो। सहकारी विभागको निर्देशन तथा संस्थाको विषम परिस्थितिमा साधारण सभा सञ्चालन कार्यविधि २०७७ बमोजिम संस्थाले साधारण सभा हुनु भन्दा १५ दिन अगाडी संस्थाको वेवसाईटमा सूचना तथा प्रतिवेदन प्रकाशित गरी असोज ९ गतेदेखि उपस्थिति खुल्ला गरी भिन्न किसिमले साधारण सभा सम्पन्न गरेको थियो। उक्त साधारण सभाले सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिबाट प्रस्तुत बार्षिक प्रतिवेदनहरु, लेखा परिक्षण प्रतिवेदन, लेखा सुपरिवेक्षण समितिबाट प्रस्तुत

प्रतिवेदन लगायत विभिन्न १२ वटा निर्णयहरु पारित गरेको स्मरण गराउँदै गत साधारण सभाबाट गरिएको अधिकाँस निर्णयहरु कार्यान्वयन गरिएको पाईन्छ।

२. **आ.ब. २०७८/०७९ मा बसेको बैठक संख्या, निर्णयहरू र निर्णयहरूको कार्यान्वयनको अवस्था :**
गत आर्थिक बर्ष २०७८/०७९ मा सञ्चालक समितिको बैठक १४ पटक, लेखा सुपरिवेक्षण समितिको बैठक ३ पटक तथा सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको संयुक्त बैठक २ पटक बसेको थियो। सञ्चालक समितिबाट भएको अधिकाँस निर्णयहरु कार्यान्वयन भएको पाईयो।

३. **ऋण लगानीको प्रक्रिया, ऋण बापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था :**
संस्थामा लागू रहेको ऋण व्यवस्थापन नीति २०७६ बमोजिम ऋण लगानी गरेको छ। संस्थाको ऋण नीति बमोजिम बचतको दोब्बर वा पचास हजार सम्म मात्र विना धितो ऋण प्रदान गर्दै आएको देखिन्छ। सो भन्दा बढी रकममा ऋणहरु लगानी गर्दा अचल सम्पति धितो वा सदस्य जमानीमा मात्र लगानी गरेको देखियो। रु. ५ लाखसम्म ऋण अधिकृतबाट, रु. १० लाखसम्म व्यवस्थापकबाट, रु. २० लाखसम्मको ऋण ऋण उप-समितिबाट स्वीकृत गर्ने गरी सञ्चालक समितिबाट अख्तियारी प्रदान गरेको र सो भन्दा बढीको ऋण सञ्चालक समितिबाट स्वीकृत गर्ने नीतिगत व्यवस्था रहेको पाईयो। साथै रु. दश लाख भन्दा बढीको ऋणको धितो मूल्याङ्कनका लागि बाह्य धितो मूल्याङ्कनकर्ताबाट धितो मूल्यांकन गराउने गरेको पाईयो। धितोहरु मालपोत कार्यालयमा दृष्टिबन्धक पारित गरेको पाइयो। संस्थाका सञ्चालकहरु मध्ये एकै समयमा ४९% भन्दा बढी सञ्चालकहरुले ऋण कारोबार गरेको पाइएन।

४. **सहकारी विभागबाट जारी गरिएका मापदण्डहरूको पालना सम्बन्धी संक्षिप्त विवरण :**
सहकारी विभागबाट सहकारी संघसंस्थाहरुलाई जारी गरेको सहकारी मापदण्ड २०६८ तथा समय समयमा जारी भएका निर्देशनहरु पालना गर्ने प्रयास गरेको पाइयो। साथै सहकारी विभागबाट लागू गरेको कोपोमिस प्रणालीमा आवद्ध भई नियमित रुपमा प्रतिवेदनहरु प्रविष्टी गर्ने र सदस्यहरुको विवरण भर्ने कार्य गरेको पाइयो।

५. **सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन/सुझावहरू कार्यान्वयन सम्बन्धी विवरणहरू :**
गत आर्थिक बर्ष २०७८/०७९ मा सहकारी विभाग, कुनै पनि नियामक निकाय र संघहरुबाट यस संस्थाको अनुगमन गरेको पाइएन।

६. **पदाधिकारीहरूको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरूको विवरण :**
संस्थाका अध्यक्षले यातायात तथा सञ्चार भत्ता लिएको। सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिका अन्य पदाधिकारीहरुले बैठक भत्ता बाहेक अन्य सुविधा नलिएको। कार्य कालमा एक पटक पोशाक भत्ता लिने गरेको छ। अरु भत्ता तथा सुविधा लिएको छैन।

७. **कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरू :**
संस्थाले साधारण सभाबाट प्रत्यायोजित अख्तियारी बमोजिम सञ्चालक समितिले मानव संशाधन नीति बनाई लागू गरेको नीतिलाई समय सापेक्ष परिमार्जन गर्ने गरेको देखियो। संस्थाका सबै कर्मचारीहरुलाई मानव संशाधन नीति बमोजिम नियुक्ती पत्र प्रदान गरेको र जिम्मेवारी प्रदान गरेको पाईन्छ।

कार्यरत कर्मचारी बीच नीति बमोजिम जिम्मेवारी बाँडफाँड गर्ने गरेको पाईन्छ। संस्थामा लागू रहेको मानव

संशाधन नीतिमा तोके बमोजिम योग्यता व्यवस्थापन प्रमुख र अन्य कर्मचारीहरुको रहेको छ। हाल संस्थामा स्वास्थ्यकर्मी सहित करार - ५ र स्थायी ६ गरी जम्मा ११ जनाको व्यवस्थापन समूह रहेको छ।

**८. लेखा सुपरिवेक्षण समितिले यस अघि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरूको कार्यान्वयनको अवस्था :**

लेखा सुपरिवेक्षण समितिले गत साधारण सभाको प्रतिवेदन मार्फत केही सुझावहरु दिईएको थियो। दिईएको सुझाव अनुसार संस्थाको विहानको कार्यालय समय यथावत राखी ५:०० बजेसम्म गर्नु पर्ने सुझाव दिएकोमा संस्थाको कार्यालय समय क्रमशः बढाउँदै लाने गरी हाललाई दिनको ३:०० बजेसम्म गरेको र संस्थाले नवीन प्रविधिलाई अपनाउदै संस्थाबाट उपलब्ध गराएको मोबाईल बैकिङ्ग सेवामा क्यूआर पे लगायतको सेवा थप गरेको पाईयो। संस्थाले प्रविधिलाई अंगाल्दै दैनिक बचत ट्याब्लेट मार्फत सङ्कलन गर्ने व्यवस्था शुरु गरेको छ। संस्थाले उद्देश्य मिलेका सहकारी संस्थाहरु बीच एक आपसमा एकीकरण गर्न साकोस एकीकरण अवधारणालाई ध्यानमा राखी एकीकरणका लागि क्रियाशील हुनु पर्ने सुझाव दिएकोमा संस्थाका उपाध्यक्ष जयकृष्ण दुवालको संयोजकत्वमा सहकारी एकीकरण कार्यदल गठन गरेको र एकीकरण सम्बन्धी आधारहरु तय गरेको जानकारी प्राप्त भएको छ।

**९. लेखा सुपरिवेक्षण समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरू :**

लेखा सुपरिवेक्षण समितिले समय समयमा संस्थाको निरिक्षण अनुगमन गर्ने गरेको छ। समितिले अनुगमनको क्रममा संस्थाको भई रहेको गतिविधिहरु, ढुकुटीमा रहेको नगद, विभिन्न उप-समितिहरुको निर्णय पुस्तिका, ऋण लगानीका फाईलहरु, आर्थिक कारोबारका भौचरहरु लगायत अन्य गतिविधिहरुको पनि निरिक्षण अनुगमन गर्ने गरेको छ।

अनुगमनका क्रममा संस्थाको गतिविधिहरु सन्तोषजनक नै देखियो। संस्थाका उप-समितिहरुको आफ्नो बार्षिक कार्यक्रमहरु सञ्चालन गर्न उप-समितिहरुलाई अझ बढी क्रियाशील बनाउनु पर्ने देखिन्छ।

**१०. लेखा सुपरिवेक्षण समितिका सुझावहरू :**

- ❖ संस्थाको उप-समितिहरुलाई क्रियाशील बनाई बार्षिक कार्यक्रमहरु सक्रियतापूर्वक सञ्चालन गर्नु पर्ने।
- ❖ सदस्यहरुको सुझाव तथा गुनासो व्यवस्थापन गर्न हरेक सञ्चालक समितिको बैठकमा छलफल गर्ने व्यवस्था गर्नुपर्ने।
- ❖ नियमित रुपमा शिक्षा शिविर लगायत सदस्य शिक्षा कार्यक्रम सञ्चालन गर्नु पर्ने।
- ❖ संस्थाको कामको सिलसिलमा विभिन्न ठाउँहरुमा गई रहनु पर्ने भएकोले जानआउन सहजताका लागि संस्थाले एउटा दुई पांग्रे सवारी साधनको व्यवस्था गर्नु पर्ने।

कोरोना महामारीको यस विषम परिस्थितिबाट बाहिर निस्कदै गर्दा भएको २८ औं बार्षिक साधारण सभामा लेखा सुपरिवेक्षण समितिको तर्फबाट प्रस्तुत भएको बार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गरी दिनु हुनेछ भन्ने विश्वास लिएको छु। संस्थामा सुशासन, पारदर्शिता, आर्थिक अनुशासन कायम गर्ने गराउने सम्बन्धमा लेखा सुपरिवेक्षण समितिलाई यहाँहरुको साथ र सक्रिय सहयोग प्राप्त हुने आशा गर्दै यो प्रतिवेदन यही टुङ्ग्याउँछु।

धन्यवाद ! जय उपकार !! जय सहकारी !!!